# रूपा गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

रुपाकोट ,कास्की

गण्डकी प्रदेश

**प्रथम पटक प्रकाशित मिति २०७९/०९/२६ गते**

**ढुङ्गा, गिट्टी,वालुवा, रोडाको कर तथा विक्रि शुल्क उठाउने ठेक्का बन्दोबस्त सम्बन्धी बोलपत्र आब्वानको सूचना ।**

रुपा गाउँपालिका , गाउँकार्यपालिकाको कार्यालयबाट स्थानीय सरकार संचालन ऐन, २०७४ को परिच्छेद-९, दफा ६४ को उपदफा १ को (च), ढुंगा, गिट्टी,बालुवा उत्खनन बिकी तथा व्यवस्थापन सम्बन्धी मापदण्ड,२०७७, प्रदेश आर्थिक ऐन २०७५ को दफा ८ तथा अनुसुची ६ र प्रदेश सरकारबाट स्वीकृत ढुङ्गा, गिट्टी, वालुवा, माटो दहत्तर वहत्तर, लगायतका प्राकृतिक स्रोतको उत्खनन संकलन प्रशोधन विक्रिवितरण तथा क्रसर उद्योग व्यबस्थापन र संचालन कार्यविधी २०७५, रुपा गाउँपालकि संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परिक्षण कार्यविधि २०७७, समेतका आधारमा चालु आ.ब. २०७९/८० का लागि तपशिल बमोजिमका नदीजन्य पदार्थ ढुङ्गा, गिट्टी, वालुवाको आय संकलन ठेक्कापट्टाको माध्ययमबाट गर्नुपर्ने भएकाले ठेक्कापट्टा गर्नका लागि योग्य फर्म वा कम्पनीले तपशिलमा उल्लेखित कागजातहरु संलग्न गरि तपशिलमा उल्लेखित मिति र समय भित्र यस कार्यालयको सनराईज बैंककोखाता *रुपा गाउँकार्यपालिका ग.१.१ आन्तरिक राजश्व खाता ०७२०५१८८६४७०३००३* मा तोकिएको रकम बुझाई वा यस कार्यलयको आर्थिक प्रशासन शाखामा सोझै नगद बुझाई वोलपत्र फाराम यस कार्यालयबाट खरिद गरि, ***धरौटीरकमयस कार्यालयको सनराईज बैंकको रुपा गाउँकार्यपालिका ग.३.१ धरौटी खाता ०७२०५१८९०८७०३००१*** मा जम्मा गरेको सक्कलै बैंक भौचर (बैंक ग्यारेन्टी मान्य नहुने)संलग्न राखि शिलबन्दी वोलपत्र फाराम पेश गर्न सकिने गरि यो आन्तरीक आय संकलन सम्बन्धी सूचना प्रकाशित गरिएको छ ।

**तपशिल :-**

- नविकरण भएको इजाजत पत्रको प्रमाणित फोटोकपी
- मु. अ. कर दर्ता प्रमाण्पत्रको प्रमाणित फोटोकपी
- करचुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी आ.व (२०७८/२०७९)
- नेपाली नागरीकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपी
- फर्म दर्ता प्रमाणपत्र

***नोटः माथि उल्लेखित कागजातको प्रतिलिपीहरु नोटरी पब्लिकबाट प्रमाणीत हुनपर्नेछ ।***

| ठेक्का नं. | घाटको नाम | उत्खनन्न हुने अधिकतम् वार्षिक परिमाण घ.मी. | न्यूनतम रकम ( कर बाहेक) | वोलपत्र फारम दस्तुर | धरौटी रकम | वोलपत्र दाखिला गर्ने अन्तिम मिति र समय | वोलपत्र खरिद गर्ने मिति र समय |
|---|---|---|---|---|---|---|---|

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| 01/RRM/GHAT/079/080 | मादि नदी, माझवेशी घाट | १५४७ | ६५५०७८।१२ | ३०००।०० | २२५०० | २०७९/१०/[illegible] गते दिनको १२ बजे सम्म | २०७९/०९/२६ गते, समय ००:०० |
| 02/RRM/GHAT/079/080 | मादि नदी, कुनाको मुख घाट | ५३०८।०३ | २२४७६८८।६२ | ३०००।०० | ७८००० | २०७९/१०/२६ गते दिनको १२ बजे सम्म | २०७९/ ०९/२६ गते, समय ००:०० |
| 03/RRM/GHAT/079/080 | मादि नदी, विर्दी दोभान घाट | २१८४ | ९२४८१६।१६ | ३०००।०० | ३२००० | २०७९/१०/११ गते दिनको १२ बजे सम्म | २०७९/ ०९/२६ गते, समय ००:०० |
| 04/RRM/GHAT/079/080 | मादि नदी, पोल्याङ्गटार घाट | ७९२७ | ३३५६६९७।३३ | ३०००।०० | १२०००० | २०७९/ १०/२६ गते दिनको १२ बजे सम्म | २०७९/ ०९/२६ गते, समय ००:०० |

शर्त तथा बन्देजहरु :-

१ खरिद भएका बोलपत्र फारम पेश गर्दा आफूले कबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट लेखी प्रत्येक पानामा सहिछाप गरि यस कार्यालयमा e-procurement section of PPMO's website http://bolpatra.gov.np/egp (E-Bidding) मार्फत बोलपत्र पेश गर्न सकिने छ । दर्ता हुन आएका शिलबन्दी वोलपत्रहरु वोलपत्र दाखिला गर्ने अन्तिम मितिको दिनको २:०० बजे यस कार्यालयमा वोलपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहवरमा खोलिने छ । वोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि सो वोलपत्र खोल्न बाधा पर्ने छैन । कबुल गरेको रकम अङ्क र अक्षरमा लेखिएको व्यहोरा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ ।

२. ठेकेदार र रुपा गाउँपालिका बिच ठेक्का शर्तहरुका सम्बन्धमा कुनै विवाद उठेमा रुपा गाउँकार्यपालिका कार्यालयको निर्णय अन्तिम हुनेछ । यसमा ठेकेदारको कुनै उजुर लाग्ने छैन । वोलपत्र स्वीकृत भई सम्झौता हुँदा वातावरण संरक्षण ऐन, नियमावली,प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन, रुपा गाउँपालकि संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परिक्षण कार्यविधि २०७७, लगायत प्रचलित ऐन नियम अनुसारका शर्त तथा बन्देज समेत पालना गर्नुपर्नेछ ।

३. ठेक्काको अवधी :- २०८० जेष्ठ मसान्तसम्म मात्र ।

४. ठेक्का सम्झौता गर्ने क्रममा कुल कबोल रकम एकमुष्ठ अनिवार्य रुपमा जम्मा गर्नुपर्नेछ, जसका लागि छुट रकम =(कबोल रकम- न्यूनतम रकम) बाट आउने रकमको १०% रकम छुट दिइनेछ । बैंक ग्यारेन्टी मान्य हुने छैन ।
*कवोल रकम र न्यूनतम रकम कर बाहेकको रकम हुनेछ ।*

५. कुनै शर्त राखि पेश गरेको र रीत नपुगेको वोलपत्र माथि कुनै कारवाही गरिने छैन ।

६. नदी किनार तथा आसपासका वनस्पती र जीवजन्तुलाई असर नपर्ने गरी राष्ट्रिय लोकमार्ग, सहायक लोकमार्गका दायाँ बायाँ निषेधित स्थान बाहेक तोकिएको स्थानबाट मात्र नदीको बहाव परिवर्तन नहुने गरी सूर्योदय देखि सूर्यास्त सम्म मात्र झिक्न पाईनेछ । हावा चलेको बेलामा, पानी चुहिने गरी, धुलो उड्ने गरी, ओभरलोड हुने गरी ढुवानी गर्ने पाईने छैन ।

७. पुल, कजवे तथ कल्भर्टबाट दुबै तर्फ राष्ट्रिय लोकमार्गमा पर्ने पुलहरुको मिटर अपस्ट्रिम ५०० मिटर डाउन स्ट्रीम सम्म ढुङ्गा, रोडा, ग्राभेल, गिट्टी र वालुवा समेत निकाल्न पाईने छैन ।

CamScanner

८. घाटसम्म जाने बाटोको निकास आफैं व्यबस्थापन गर्ने जिम्मेवारी स्वयं बोलपत्रदाताको हुनेछ।

९. ढुङ्गा, ग्राभेल, गिट्टी रोडा र वालुवा समेतका कारोवार गर्दा वालश्रम प्रयोग गर्न पाईने छैन र वातावरणमा प्रतिकुल असर पर्ने प्रविधि अपनाउन पाईनेछैन । मजदुरको ज्यालाको हकमा स्थानिय दररेटमा कम नहुने गरी ज्याला दिनु पर्ने छ ।

१०. नदीजन्य पदार्थ निकासी गदा् राष्ट्रिय र सहायक  लोकमार्गलाई असर पनृे गरी सडक निर्माण गर्ने पाईने छैन र असर नपर्ने गरी निर्माण गर्नु परेमा  निर्माण गर्नु परेमा निर्माण गर्दा लाग्ने खर्च समेत दाबी गर्न पाईने छैन ।

११. घाट संचालन भएका नदि तथा खोलाहरु क्षती तथा जोखिम हुने अबस्था आई संरक्षण गर्नुपरेको अबस्थामा सहज रुपमा आबश्यकीय खोलाजन्य पदार्थको प्रयोग गर्न दिनुपर्नेछ ।

१२. स्वीकृत घाट क्षेत्रमा ढुङ्गा, गिट्टी वालुवा आदि उत्खनन एबं संकलन कार्यमा हेभि मेशिन प्रयोग गर्न पाईने छैन ।

१३. नदि, खोला, बगर एबं सार्वजनिक आवागमनमा वाधा हुने गरी संकलित सामान जम्मा गर्न पाईनेछैन ।

१४. वोलपत्रका सम्बन्धमा थप केहि बुझ्नु परेमा कार्यालय समयमा सम्पर्क गरि बुझ्न सकिनेछ । साथै विस्तृत विवरण वोलपत्र फाराम साथ उपलब्ध गराइनेछ ।

१५. आ.ब. २०७९/०८० का केहि महिना नेपाल सरकार तथा प्रदेश सरकारको निर्णयले घाट बन्द भएमा कार्य समयावधी सोहि बमोजिम कायम हुनेछ र उल्लेखित परिमाण सोहि समयावधीमा विक्री गर्नुपर्नेछ । त्यसका लागि वोलपत्रदाताले कुनै क्षतिपूर्ती वा हर्जना माग गर्न पाउने छैन ।

१६. अनुगमन समितिको निर्णय बमोजिम निर्धारण गरिएको क्षेत्रमा ठेकेदार आफैंले संकलित सामाग्रीको घाटगद्दी गरेर मात्र विक्री वितरणको व्यबस्था मिलाउनु पर्नेछ । घाटगद्दी गर्दा लाग्ने खर्च ठेकेदार स्वयंले नै व्यहोर्नु पर्नेछ ।

१७. वोलपत्रदाताले ढुङ्गा, गिट्टी, वालुवा, रोडा विक्री गर्दा आ.ब. ०७९/०८० को लागि जिल्ला दररेट निर्धारण समितिले तोकेको जिल्ला दररेट तथा गाउँपालिका दररेट भन्दा बढि हुने गरि विक्री गर्न पाउने छैन ।

१८. वोलपत्रदाताले आफूले निकासी गरेको परिमाणको विक्री वितरण अनिवार्य रुपमा गाउँपालिकामा मासिक रुपमा पेश गर्नुपर्नेछ ।

१९. स्वीकृत प्रारम्भीक वातावरणीय परिक्षण (IEE) प्रतिबेदनमा उल्लेखित विषयहरु, पालना गर्नुपर्ने शर्तहरु, जोखिम न्यूनिकरणका लागि तोकिने मापदण्डहरु, प्रत्येक क्षेत्रबाट उठाउन सकिने प्राकृतिक श्रोत ढुङ्गा, वालुवा, गिट्टी, ग्राभेल, रोडाको परिमाण समेतका विषयहरु (IEE)  प्रतिवेदनले निर्दिष्ट गरे बमोजिम हुनेछन्, तिनको पालना गर्नु वोलपत्रदाताको कर्तव्य हुनेछ ।

२०. नदि खोलामा हेभि ईक्विपमेन्ट चलाउन वा पानीको बहाबलाई प्रभाब पार्नेगरी अस्थायी पुल वा ह्युम पाइप राख्न पाइने छैन । सो प्रयोजनको लागि गाउँपालिकाले कुनै अनुमति दिने छैन । नदि वा खोलाको पारीपट्टी भएको माल पारीपट्टी बाटै र वारीपट्टी भएको माल वारीपट्टी बाटै बाटो आफैं व्यबस्था गरी ठेकेदारले लैजाने व्यबस्था मिलाउनु पर्नेछ ।

CamScanner

२१. उल्लेखित न्यूनतम रकम मु.अ. कर र अग्रिम आयकर बाहेक रहेको छ वोलपत्रदाताले कबोल रकममा मु.अ. कर र अग्रिम आयकर समेत जोडी दाखिला गर्नु पर्नेछ ।

२२. वोलपत्र खरिद तथा दाखिलाको अन्तिम दिन सार्वजनिक विदा परेमा सो को भोलिपल्टलाई अन्तिम दिन मानिनेछ ।

२३. वोलपत्र पूर्ण वा आँशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने अधिकार कार्यालयमा निहित रहनेछ । कार्यालयले आबश्यक नठानेमा जुन सुकै चरणमा पनि आंशिक वा पूरै वोलपत्र प्रक्रिया रद्ध गर्न सक्नेछ ।

२४. यसमा उल्लेख नभएका अन्य कुराहरु प्रचलित कानून बमोजिम हुनेछ । नेपाल सरकार प्रदेश सरकार र गाउँपालिकाले समय समयमा दिएका निर्देशनहरु पालना गर्नु वोलपत्रदाताको कर्तव्य हुनेछ ।

सन्तोष ढुंगाना
प्रमुख प्रशासकीय अधिकृत

CamScanner